# नारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२

## प्रस्तावना

नारायण नगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैलालाई स्रोतमा नै वर्गीकरण गरी पुन: प्रयोग, प्रशोधन र सुरक्षित विसर्जनमार्फत वातावरण स्वच्छ र प्रदूषणमुक्त तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापनजस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ उपदफा २ (ग) ११ बमोजिम वडा समितिलाई दिइएको अधिकारलाई कार्यान्वयनमा सहजकता ल्याउन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले र नारायण नगरपालिकाको "वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२" को दफा ३१ र ३२ ले दिएको अधिकार प्रयोग गरी नारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८२ तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२" रहने छ ।

(२) यो कार्यविधि नारायण नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको एकतीसौं दिनदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ (४) बमोजिमको स्थानीय तह सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नारायण नगर कार्यपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "नगर प्रमुख" भन्नाले नारायण नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले नारायण नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले नारायण नगरपालिकाको नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नारायण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "विषयगत शाखा" भन्नाले नारायण नगरपालिकाको कार्यालय अन्तर्गतको विषयगत शाखालाई सम्झनुपर्छ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

(झ) "समिति" भन्नाले नारायण नगर कार्यपालिकाको कार्य सम्पादन नियमावलीद्वारा गठित समितिहरू सम्झनुपर्छ ।

(ञ) "कार्यविधि" भन्नाले नारायण नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२ बुझ्नुपर्छ ।

(ट) "नगरपालिका" भन्नाले नारायण नगरपालिका सम्झनुपर्छ ।

(ठ) "ऐन" भन्नाले नारायण नगरपालिकाको "वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२" सम्झनुपर्छ ।

(ड) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका गाडी मर्मत र गाडी धुलाइबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउनेगरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएका अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ढ) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुर्याउने विभिन्न रूपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ ।

(ण) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीवजन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरू वा समय समयमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनुपर्छ ।

(त) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजीकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

(थ) "वडा" भन्नाले नारायण नगरपालिकाका वडाहरू सम्झनुपर्छ ।

## परिच्छेद २

## फोहरमैला व्यवस्थापन सम्बन्धी समिति

३. **फोहरमैला व्यवस्थापन सम्बन्धी निर्देशक र व्यवस्थापन समिति:** (१) यस नारायण नगरपालिकाको "वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२" अनुसार नगरपालिका स्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समिति गठन गरिने छ । जुन, तपसिल बमोजिमको हुनेछ :

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

(क) नारायण नगरपालिका नगर प्रमुख : अध्यक्ष

(ख) नारायण नगरपालिका नगर उपप्रमुख : उपाध्यक्ष

(ग) वडा अध्यक्षहरू : सदस्य

(घ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख : सदस्य

(ङ) नगरपालिकाको बाताबरण शाखा प्रमुख : सदस्य

(च) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको तर्फबाट अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना : सदस्य

(छ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट एक जना : सदस्य

(ज) नगरपालिकास्तरीय बाल सञ्जालबाट कम्तिमा एक जना छात्रा सहित दुई जना : सदस्य

(झ) महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट अध्यक्षले तोकेको एक जना : सदस्य

(ञ) खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, कार्यक्रम वा सामुदायिक संस्थाहरू मध्येबाट अध्यक्षले तोकेको एक जना : सदस्य

(ट) नगरपालिकाको विपद् शाखा संयोजक : सदस्य

(ठ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख : सदस्य

(ड) नगरपालिकाको खानेपानी तथा सरसफाइ शाखा प्रमुख : सदस्य

(ढ) उद्योग वाणिज्य संघका प्रतिनिधि : सदस्य

(ण) स्थानीय सञ्चार क्षेत्रका प्रतिनिधि : सदस्य

(त) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

(२) वडाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवम् सुव्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक व्यवस्थापन एवम् नियमन गर्न वडास्तरमा देहाय बमोजिमको फोहरमैला व्यवस्थापन समिति/वडास्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समिति गठन गरिने छ :

(क) वडा अध्यक्ष : संयोजक

(ख) वडा समितिले तोकेको एक जना सदस्य : सदस्य

(ग) टोल विकास संस्था मध्येबाट १ महिला सहित २ जना : सदस्य

(घ) स्थानीय उद्योगी व्यापारी वा व्यवसायी मध्येबाट एक जना : सदस्य

(ङ) वडामा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि वा कर्मचारी एक जना : सदस्य

(च) वडाभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये एक जना : सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविकामध्ये एक जना : सदस्य

(ज) वडा बाल सञ्जाल सदस्य : सदस्य

(झ) वडामा रहेको स्वास्थ्य संस्था प्रमुख एक जना : सदस्य

(ञ) वडा सचिव : सदस्य सचिव

(३) नगरपालिकास्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समितिको बैठक आफैले तयार गरेको कार्यविधि अनुसार बस्ने छ भने वडास्तरीय समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नेछ ।

(४) वडास्तरीय समितिले तयार गरी बैठकबाट पारित प्रतिवेदन प्रत्येक दुई महिनाको एक पटक नगरपालिकास्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समितिमा पेश गर्नेछ ।

४. **फोहरमैला व्यवस्थापन सचिवालय समिति (Secretariat Committee):** (१) निर्देशक समिति र व्यवस्थापन समितिका निर्णयहरू कार्यान्वयन गर्न, दैनिक कार्यहरूको सुपरिवेक्षण गर्न र प्राविधिक सहयोग पुऱ्याउन तपसिल बमोजिमको समिति क्रियाशील रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – संयोजक

(ख) योजना शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) नगर प्रहरी प्रमुख - सदस्य

(ङ) वातावरण शाखा प्रमुख / सरसफाइ इन्जिनियर वा अधिकृत - सदस्य सचिव

(२) सचिवालय समितिको बैठक प्रत्येक २ महिना कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

५. **नगरपालिका तथा वडास्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समितिको फोहरमैला व्यवस्था सम्बन्धी कार्यहरू :** (१) नगरपालिकास्तरीय समितिका कार्यहरू तपसिल बमोजिम रहनेछन् :

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरू तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने,

ख) वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने,

(ग) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने,

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरूलाई पार्क, उद्यान, बगैंचा आदिका रूपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरूको खोजी गरी तिनीहरूको सम्भाव्यताको अध्ययन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनमा गैरसरकारी संस्थाहरू, निजी क्षेत्र र समुदायहरूको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने,

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका वासिन्दाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्न स्रोतको व्यवस्थापन गर्ने,

(छ) नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई कार्यान्वयनमा ल्याउन समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ज) ल्याण्डफिल साइटलाई प्रदूषणशून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने,

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल



(झ) जैविक फोहरबाट ऊर्जा, कम्पोष्ट, बायोङ्ग्यास एवम् मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने,

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारवाहीका लागि निर्देशन दिने,

(ट) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने,

(ठ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने विभिन्न निजी, सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूसँग समन्वय कायम गर्ने,

(ड) नगरपालिकालाई सफा र स्वच्छ क्षेत्रको रूपमा विकास गर्न योजना निर्माण, फोहरमैला व्यवस्थापन रणनीति, योजना कार्यालय, अनुगमन र आवश्यक प्रमाणीकरणका कार्य गर्ने,

(ढ) फोहरमा आधारित उद्यमको योजना बनाई कार्यान्वयनमा ल्याउने, र

(२) वडास्तरीय फोहरमैला ब्यबस्थापन समन्वय समितिका कार्यहरू तपसिल बमोजिम हुनेछन् :

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा, स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) वडालाई वातावरणमैत्री तथा सफा र स्वच्छ वडा बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने,

(ग) फोहरलाई स्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने,

(घ) वर्गीकृत फोहरमध्ये प्राङ्गारिक फोहरबाट कम्पोष्ट मल, प्लास्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आरको अवधारणा अनुसार व्यवस्थापन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र मानव संशाधनको व्यवस्था गर्ने,

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयानुकूल पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरूसँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरी परिचालन गर्ने,

(ज) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(झ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि उपायहरूको खोजी गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने,

(ञ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका फोहरमैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने,

अधिकृत

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल



(ट) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने मानव संशाधनको व्यवस्थापन गर्न अन्य वडाहरूसँग समेत आवश्यक समन्वय गर्ने

(३) फोहरमैला ब्यबस्थापन सचिवालय समितिको काम, कर्तब्य र अधिकारहरू तपसिल बमोजिम हुनेछन् :

(क) निर्देशक समिति र व्यवस्थापन समितिले गरेका निर्णयहरूलाई कार्यरूपमा उतार्ने र कार्यान्वियनको नेतृत्व गर्ने ।

(ख) नगरको दैनिक सरसफाइ, फोहर संकलनको रुट व्यवस्थापन, गाडी परिचालन र जनशक्तिको सुपरिवेक्षण गर्ने ।

(ग) फोहरमैलाको परिमाण, संकलित सेवा शुल्क, खर्चको विवरण र अन्य प्राविधिक तथ्याङ्कहरूको व्यवस्थित अभिलेख राख्ने ।

(घ) फोहरमैला व्यवस्थापनको मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

(ङ) फोहरलाई स्रोतमा वर्गीकरण (कुहिने र नकुहिने) गर्ने सम्बन्धी टोलस्तरमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

(च) फोहर प्रशोधन, कम्पोस्टिङ र थ्रि-आर (Reduce, Reuse, Recycle) प्रविधि अवलम्बन गर्न आवश्यक प्राविधिक योजना तयार गर्ने ।

(छ) निर्देशक समितिको बैठक बोलाउने, एजेन्डा तयार गर्ने र बैठकको निर्णय (माइन्युट) प्रमाणित गरी कार्यान्वयनमा लैजाने ।

(ज) फोहरमैला व्यवस्थापन सम्बन्धी नगरबासीका गुनासाहरू संकलन गर्ने र तत्काल समाधानका लागि पहल गर्ने ।

## परिच्छेद ३
## फोहरमैला व्यवस्थापन विधि प्रक्रिया

६. **फोहरमैला उत्पादन कम गर्ने :** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नुपर्ने छ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन नसक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामा मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

७. **फोहरमैलाको पृथकीकरण :** (१) फोहरमैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तिमा जैविक र अजैविक लगायतका विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई संकलन केन्द्र वा ढुवानी साधनसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसका लागि नगरपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

८. **फोहरमैलाको निष्काशन :** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश नेपाल

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनः प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

(४) संरचना एवम् घर निर्माण तथा मर्मतसम्भार गर्दा निस्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्सर्जनकर्ताको हुनेछ । तर, उत्सर्जनकर्ताले वडाको फोहर संकलन गर्ने निजी क्षेत्र वा वडालाई अनुसूची १ मा तोकिए बमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ ।

(५) सडक एवम् फुटपाथमा निर्माण सामग्री राख्दा अनुसूची १ मा तोकिए बमोजिमको शुल्क अग्रिम बुझाई तोकिए बमोजिमको समयसम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।

(६) वडाभित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहित गर्दै फोहरमैला व्यवस्थापन समितिसँग अनुमति लिएर मात्र उचित ढंगबाट वर्कसप सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । जसका लागि वडाले तोकेको स्थानमा वर्कसप सञ्चालन गर्दा वर्कसपको कालो पानी एवम् अन्य फोहरलाई नालामा नपठाई छुट्टै पानी सोस्ने खाडल बनाई विसर्जन गर्नुपर्नेछ ।

(७) नयाँ बन्ने घरको भान्छा र बाथरुमको पानी सम्भव भएसम्म घर कम्पाउण्डभित्र पानी सोस्ने खाडल बनाई व्यवस्थापन गर्न घरधनीहरूलाई प्रेरित गरिने छ र घर कम्पाउण्डभित्र व्यवस्थापन गर्न सम्भव नभएको भनी टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवम् नालीमा पठाउनुपर्नेछ ।

९. **पशु पक्षी र घरपालुवा चौपायापालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) गाई, भैंसी, खसी, बाख्रा, हाँस, बट्टाई तथा कुखुरा फारम सञ्चालन गर्दा अनिवार्य रूपमा वडा समितिको अनुमति लिनुपर्नेछ । यस प्रकारका व्यवसाय सञ्चालन गर्नुपूर्व छरछिमेकको सहमति समेत अनिवार्य हुनुपर्नेछ । अनुमति लिई उल्लेखित पशु चौपाया र पक्षी पालन गर्नेले समेत सोको फोहर निष्काशन र व्यवस्थापन छरछिमेकलाई असर नपर्नेगरी नगरपालिकाले तोकेबमोजिमको मापदण्ड बमोजिम गर्नुपर्नेछ । पशु चौपाया र पक्षीलाई सार्वजनिक बाटोमा बाँध्न तथा छाड्न पाइने छैन ।

(२) नगरपालिका कार्यालय भएको स्थान, अस्पताल तथा स्वास्थ्य संस्था भएको क्षेत्र र सार्वजनिक विद्यालय भएको क्षेत्रको दुई सय पचास मिटरभित्र बङ्गुरपालन निषेध गरिने छ । साथै अन्य स्थानमा समेत वडास्तरीय समिति र नगरपालिकास्तरीय समितिको निर्णय बमोजिम तोकिएको क्षेत्रमा सार्वजनिक सूचना प्रकाशन गरी निश्चित पशुपक्षी पालन निषेध गर्न सकिनेछ ।

(३) वडाभित्र फेला परेका लावारिस मृत पशुपक्षीलाई वडा वा नगरपालिकाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगी उचित ढंगबाट विसर्जनको व्यवस्था मिलाउनु पर्नेछ । पशुधनी पहिचान भएमा मृत पशुलाई सम्बन्धित धनीले नै घरपरिसरमा खाल्डो खनी व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ । तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके बमोजिमको सेवा शुल्क बुझाई व्यवस्थापन गर्नुपर्नेछ । मृत पशुपक्षीको व्यवस्थापन गर्ने आफ्नै जग्गा नभएमा साना पशुपक्षीलाई वडा समितिको अनुमतिमा वडाभित्रका खाली स्थानमा खाल्डो खनी व्यवस्थापन गर्न सकिनेछ ।

(४) नगरपालिकाभित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुरूप वध गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

१०. **शौचालयको दिशाजन्य लेदो व्यवस्थापन :** (१) शौचालय निर्माणकर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा पानी सोस्ने टंकी बनाउन सक्नेछन् । तर जमिनको पानीको सतह माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेप्टिक टंकी पानी प्रदूषित नहुनेगरी सेप्टिक टंकी वा होल्डिङ टंकी बनाउनुपर्नेछ ।

(२) शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन । यस प्रकारको कार्य गर्नेलाई दफा (१२) मा तोकिए बमोजिम जरिवाना हुनेछ ।

(३) शौचालयको लेदो सफा गर्नका लागि व्यक्तिलाई असुरक्षित तवरले लगाउनुभन्दा पनि दर्ता भएको सक्सन ट्यांकर सहितको फर्मलाई काम लगाउनुपर्नेछ । व्यक्तिलाई काममा लगाउनुपर्ने भएमा नगरपालिकाले तोकेको मापदण्ड बमोजिमको व्यक्तिगत सुरक्षा सामग्री प्रयोग गर्न लगाउनुपर्नेछ ।

(४) शौचालयको लेदो फाल्ने दर्तावाला फर्मको नम्बर प्रत्येक टोल विकास संस्थालाई वडा कार्यालयले जानकारी गराउने छ र टोल विकास संस्थाले आफ्ना सदस्यहरूलाई जानकारी गराई ट्यांकी भरिनुपूर्व नै सम्बन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) सक्सन ट्यांकर सेवा दिने सबै सेवा प्रदायकले सेवा प्रदान गर्नका लागि नगरपालिकामा दर्ता हुनुपर्नेछ भने यसअघि नै सरकारी अन्य कुनै निकायमा दर्ता भइसकेको हकमा नगरपालिकामा सूचीकृत हुनुपर्नेछ ।

(६) सक्सन ट्यांकरले ढुवानी गरेको दिशाजन्य लेदोलाई तोकिएको स्थानबाहेक अन्य स्थानमा फाल्न पूर्ण रूपमा बन्देज लगाइएको छ ।

## परिच्छेद ४
## फोहरमैला व्यवस्थापन सेवा शुल्क

११. **सेवा शुल्क उठाउने :** (१) वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिएको सेवा शुल्क लगाई उठाउनेछ ।

(२) चालू आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाले लागु गर्दै आएको नियमित सेवा शुल्क लाग्ने छ । तत्पश्चात शुल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र नगरसभाबाट तोकिए बमोजिमका अन्य कुराहरूको आधारमा फोहरमैला व्यवस्थापन समितिको परामर्शमा वडा समितिले तोकी निर्देशक समितिबाट स्वीकृत गराई वडा कार्यालयले उठाउनेछ । वडामा फोहरमैला व्यवस्थापन गर्ने संयन्त्र निर्माण भई कार्यान्वयनमा नआएसम्मका लागि नगरपालिकाले नै सो कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका वा सम्बन्धित वडा आफैले वा समितिले नगरपालिकाको फोहोरमैला संकलन तथा ब्यबस्थापनका लागि प्रस्ताब आब्हान गरी सामुदायिक संस्था, गैरसरकारी संस्था वा अन्य संगठित संस्थामार्फत समेत उठाउन सक्नेछ । यसरी सेवा शुल्क असुलीमा परिचालन हुने संस्था वा संगठित संस्थालाई तोके बमोजिमको व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि वडा समितिबाट तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिन सकिनेछ भने वडावासीको आयस्तरका आधारमा

अनुसूची-१ मा उल्लेखित सरसफाइ सेवा शुल्कमा छुट दिनुपर्ने वडा कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा वडा कार्यालयबाट छुट दिन सक्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी वडा समितिले छुट्टै हिसाब राखी नगरपालिकाको सर्वसञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । सो रकम तोकिएको मापदण्डको अधिनमा रही वडाको फोहरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा नगरपालिकाबाट कार्यक्रम स्वीकृत गराई वडा समितिको कार्यालयले खर्च गर्नेछ ।

१२. **सेवा निलम्बन गर्न सक्ने :** (१) फोहरमैला व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र नगरपालिका वा सम्बन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ बमोजिम वा यस कार्यविधि बमोजिम खुल्ला प्रतिस्पर्धाबाट जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा (११) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा वडा कार्यालयको निर्देशनमा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिका र वडा समितिलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नुपर्नेछ ।

(४) सेवाग्राहीले दफा (११) बमोजिम बुझाउनुपर्ने सेवा शुल्क नबुझाएमा निज वा निजको एकाघरको परिवारका नाममा रहेको एकीकृत सम्पत्तिकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा (११) बमोजिम बुझाउनुपर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

(६) कुनै पेशा व्यवसाय गरी घर भाडामा लिई बस्ने व्यक्तिले सेवा शुल्क बुझाउन अटेर गरेको हकमा सम्बन्धित घरधनीबाट असुलीको प्रक्रिया अघि बढाइने छ ।

## परिच्छेद ५

## कसुर, सजाय तथा कारवाही प्रक्रिया

१३. **कसुर :** (१) कसैले देहायको कुनै काम गरेमा वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ र यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित सर्तहरू उल्लंघन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवम् संरचना निर्माण एवम् मर्मतसम्भार गर्दाको सामग्री अनुमतिविना सडक एवम् फुटपाथमा राख्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, तोकिएको स्थानबाहेक खुल्ला स्थान, खेत वा खोल्सामा खन्याउने, अनुमतिविना वर्कसप सञ्चालन गर्ने तथा वर्कसपको फोहरपानी जथाभावी नालामा मिसाउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाइ तथा फोहरमैला संकलन गर्न नगरपालिका वा वडाले तोकेको समय वा सफाइ गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँबाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेगरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निष्काशन गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सृजन गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ को दफा (३४) विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा (६) को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारिएको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने,

(न) चुरोट तथा सूर्तीजन्य (पान, गुट्का आदि) जस्ता वस्तुको फोहर जथाभावी फाल्ने,

(प) घरपालुवा पशु पक्षीलाई छाडा छाड्ने तथा अनुमतिविना व्यवसायिक रुपमा पशुपक्षी पालन गर्ने तथा सडकमा बाँध्ने कार्य गर्ने ।

१४. **सजाय :** (१) दफा १३ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाबाट खटाइएको अनुगमन टोली वा वडा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयाँसम्म जरिवाना, सोही कसूर पटक पटक दोहोर्याएमा पटकै पिच्छे दोब्बर जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा १३ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा १३ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दुई हजार पाँच सय रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी कन्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा १३ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडा कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्लंघन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहर समयमा सङ्कलन नगरेको फोहरमैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा अतिरिक्त फोहर व्यवस्थापन खर्च समेत सम्बन्धित पक्षबाट असूल गरिने छ ।

(५) दफा १३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दुई हजार पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा १३ को खण्ड (छ), (ज) र (ब) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । सोही कसूर दोहोर्याएमा दोब्बर जरिवाना गरिनेछ ।

(७) दफा १३ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा १३ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले दुई हजार पाँच सय रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा १३ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१०) दफा १३ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरपालिका प्रमुखले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना वा वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८२ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(११) दफा १३ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(१२) माथि जे सुकै लेखिएको भएता पनि दफा (१३) मा उल्लेखित कसूरहरू गर्नेलाई रु ५०००/- सम्मको जरिवाना वडा समितिको कार्यालयले असूल गर्नेछ भने सोभन्दा माथिको जरिवानाको हकमा वडा समितिले जरिवाना प्रस्ताव गरी नगरपालिकामा सिफारिस गर्नेछ । सोउपर नगरपालिकाले जाँचबुझ गरी नगर प्रमुख समक्ष पेश गर्नेछ र नगर प्रमुखको निर्णय बमोजिम जरिवाना गरिने छ ।

(१३) दफा १३ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले छाडा छोडिएका पशु पक्षी प्रति ज्यान रु ५००/- सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु २५००/- सम्म जरिवाना गरी ३५ दिनभित्र हटाउने आदेश दिनेछ र सो म्यादभित्र नहटाएमा ३ महिना सम्म मासिक ५०००/- का दरले जरिवाना गर्ने र तत्पश्चात पनि नहटाएमा नगरपालिकाले फार्ममा रहेका पशुपक्षी जफत गर्नेछ । सडकमा बाँधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु १००/-, दोश्रो पटक उक्त कार्य गरेमा ५००/- तत्पश्चात समेत अटेर गरेमा पटकै पिच्छे दोब्बर जरिवाना वडा कार्यालय वा नगरपालिकाबाट खटाइएको निरीक्षण टोलीले गर्ने छ ।

१५. **सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भइरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहर मैला व्यवस्थापन समितिले नगरपालिकामा सिफारिस गरेमा नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिइनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## स्वास्थ्य संस्थाजन्य, हानिकारक तथा अन्य संस्थागत फोहर व्यवस्थापन

१६. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन :** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिँदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धी पालना गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

१७. **रासायनिक विषादी सम्बन्धी व्यवस्था :** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) म्याद नाघेको वा प्रयोगमा नआउने कुनै पनि रासायनिक विषादीलाई खुला स्थानमा विसर्जन गर्न वा धुल्याउन पाइने छैन ।

(३) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(४) खेतबारीमा लगाइएको झार मार्ने विषादीहरू (हर्बिसाइड्स) प्रयोग गर्दा पानीको स्रोतहरू प्रदूषित नहुनेगरी मात्र गर्नुपर्नेछ ।

१८. **सेनेटरी प्याडको सुरक्षित व्यवस्थापन र विसर्जन गर्नुपर्ने :** (१) विद्यालय तथा अन्य कार्यालयहरूमा प्रयोग हुने सेनेटरी प्याडको सुरक्षित विसर्जनका लागि सम्बन्धित विद्यालयले नै सुरक्षित रुपमा जलाउनका लागि इन्सिनेरेटर वा सुरक्षित गाड्ने खाडल बनाउनुपर्नेछ ।

(२) विद्यालय तथा कार्यालयहरूले महिला शौचालय वा महिनावारीमैत्री शौचालयमा प्रयोग गरिसकेको सेनेटरी प्याडको सुरक्षित व्यवस्थापनका लागि ढक्कनसहितको भाँडोको व्यवस्था गरेको हुनुपर्नेछ ।

(३) सेनेटरी प्याडको उचित व्यवस्थापन तथा विसर्जनस्थल निर्माण नगर्ने विद्यालयलाई नगरपालिकाले एक पटकका लागि सुझाव र चेतावनी दिने छ भने त्यसपछिको अनुगमनमा समेत उपयुक्त व्यवस्थापन भएको नदेखिएमा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति वा अनुगमन समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक कारवाहीको निर्णय गर्नेछ ।

(४) सेनेटरी प्याड प्रयोग गर्ने विद्यार्थीहरूले प्रयोग गरिसकेको सेनेटरी प्याडलाई जथाभावी नफाली विद्यालयले निर्धारण गरेको सुरक्षित स्थानमा मात्र विसर्जन गर्नुपर्नेछ ।

## परिच्छेद ७
## प्रोत्साहन तथा सेवा व्यवस्थापन

१९. **पुरस्कार दिन सकिने :** (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाइ समितिको सिफारिसमा नगरपालिका वा वडाले सरसफाइ व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्छ ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिका वा सम्बन्धित वडाले सम्मान एवम् नगद पुरस्कार समेत दिन सक्नेछ ।

(३) वडा समिति, टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा निर्मित अनुसूची (३) बमोजिमको सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचीको कार्यान्वयन गर्ने गराउने सबै सरोकारवालाको कर्तव्य हुनेछ ।

२०. **सरसफाइ निरीक्षक तोक्ने :** वडा कार्यालयले वडा भित्र भएको सरसफाइ गतिविधि अनुगमन गर्न, सेवा शुल्क असूली गर्न, स्थलगत निरीक्षणका आधारमा तोकिए बमोजिमको दण्ड सजाय प्रस्ताव गरी कारवाहीका लागि वडा कार्यालयमा पेश गर्न एक जना सरसफाइ निरीक्षक तोक्ने छ । यसरी सरसफाइ निरीक्षक तोक्न वडा कार्यालयमा जनशक्ति अभाव भएमा उठेको सेवा शुल्कबाट

पारिश्रमिक दिनेगरी कार्यपालिकाको स्वीकृति लिई सेवा करारमा नियुक्त गर्न वडा समितिको कार्यालयले सक्नेछ ।

२१. **फिल्ड प्रतिवेदन पेश गर्ने :** (१) वडाले फोहरमैला व्यवस्थापन, सफा र स्वच्छ वडा निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन अनुसूची (२) बमोजिमको ढाँचामा सरसफाइ निरीक्षकले प्रत्येक दिनमा भए गरेको फोहरमैला व्यवस्थापन तथा सफा र स्वच्छ वडा निर्माण कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरी वडा सचिव समक्ष पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सो प्रतिवेदनको आधारमा सरसफाइको साप्ताहिक प्रगति प्रतिवेदन वडा सचिवले तयार गरी वडा अध्यक्षलाई दिनु पर्नेछ ।

(२) वडा कार्यालयले मासिक रुपमा गरेको सरसफाइ गतिविधि तथा सरसफाइ सेवा शुल्कको असुली प्रतिवेदन नगरपालिकामा महिना समाप्त भएको सात दिन भित्र दिनु पर्नेछ ।

२२. **सरसफाइ व्यवस्थापन निजी क्षेत्र वा गैरसरकारी संस्थाबाट गराउन सकिने :** (१) नगर कार्यपालिकाको निर्णय अनुसार सम्पूर्ण नगरपालिका क्षेत्रको एकमुष्ट वा भिन्न भिन्नै क्लष्टर बनाई कानून बमोजिम दर्ता भई सम्बन्धित कार्य गर्ने उद्देश्य भएका निजी क्षेत्र, गैरसरकारी संस्थाबाट नगरपालिकाको फोहर व्यवस्थापन गर्न सकिनेछ ।

(२) सम्बन्धित नगरपालिका वा वडाले निजी क्षेत्र, गैर सरकारी संस्था वा सामुदायिक क्षेत्रबाट सेवा लिनुपर्ने भएमा निम्न प्रक्रिया पूरा गरी फोहरमैला व्यवस्थापनको सेवा लिनुपर्ने छ ।

(क) सेवा लिनुपर्ने क्षेत्रको विवरण, सेवा दिए वापत सेवा प्रदायकलाई उपलब्ध गराउन सकिने अनुदान रकम वा सहयोग वा सेवा प्रदायकबाट अपेक्षा गरेको रकम वा सहयोगको विवरण निर्देशक समितिको परामर्शमा नगर कार्यपालिकाको कार्यालयले कम्तीमा १५ दिनको स्थानीय पत्रिकामा प्रस्ताव आह्वान सूचना गर्ने ।

(ख) सूचना बमोजिम प्राप्त प्रस्तावहरूलाई सार्वजनिक खरिद ऐन नियम बमोजिमको मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन गराई सारभूत रुपमा प्रभावग्राही प्रस्तावलाई स्वीकृत गरी नगर कार्यपालिकाको कार्यालयले काम लगाउने ।

(ग) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन सेवा लिँदा सेवा लिएको क्षेत्रबाट अनिवार्य रुपमा अनुसूची (१) बमोजिमको सेवा शुल्क वडा कार्यालयले असूल गरी नगरपालिकाको सञ्चित कोषमा दाखिलाको व्यवस्थापन गर्नु पर्नेछ । (घ) फोहरमैला सेवा शुल्कबाट असूल भएको सेवा शुल्कबाट निजी क्षेत्रले पाउने हिस्सा कटाई बाँकी रहेको रकम सम्बन्धित वडाको सरसफाइ प्रवर्द्धन क्षेत्रमा नै वडा समितिको निर्णयानुसार लगानी गर्नु पर्ने छ ।

२३. **खारेजी तथा बचाउ :** नारायण नगरकार्यपालिकाबाट स्वीकृत गरी विभिन्न वडाको फोहर व्यवस्थापनका लागि प्रयोगमा आएका कार्यविधिहरू यस कार्यविधि लागू भएपछि स्वतः खारेजी भएको मानिने छ तर पूर्व स्वीकृत भएका कार्यविधिहरूबाट भएका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय नारायण नगरपालिका दैलेख कर्णाली प्रदेश, नेपाल

## अनुसूची १

**(दफा ८ (४) र (५) र ११ (२) र (४) सँग सम्बन्धित)**

**घर एवम् व्यावसायिक फर्मले मासिक बुझाउनुपर्ने सरसफाइ सेवा शुल्क**

| क्र.सं. | सेवा लिनेको किसिम | सेवा शुल्क दर (प्रति महिना) | | कैफियत |
|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | |
| १. | प्रति घरधुरी | ५० | १०० | |
| २. | मर्मत सम्भार तथा सेवातर्फ ग्यारेज सर्भिस | | | |
| क | साइकल, कुकर, पंखा, छाता, स्टोभ मर्मत व्यवसायी | ५० | १०० | |
| ख | घडी | ५० | १०० | |
| ग | रेडियो, साउण्ड सिस्टम | १०० | २०० | |
| घ | टेलिभिजन | २०० | ३०० | |
| ३. | मोटरसाइकल मर्मत तथा ग्यारेज सर्भिस, मोटर पार्टस् | ३०० | ५०० | |
| ४. | शोरुम (रिपेयरिङ तथा सर्भिसिङ सेन्टर सहित प्रकृति हेरी सबै प्रकारका) | १००० | २००० | |
| ५. | क्लिनिक तथा औषधी व्यवसायी | | | |
| क | नर्सिङ होम | २००० | ५००० | |
| ख | एक्सरे, ल्याव, सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल हल | १००० | २५०० | |
| ग | दाँत उपचार केन्द्र | ५०० | ७०० | |
| घ | डाक्टरको सेवा नभएको मेडिकल हल | ३०० | ५०० | |
| ङ | सर्जिकल सामान बेच्ने पसल | ५०० | ७०० | |
| च | वैद्यखाना तथा अन्य क्लिनिक | ३०० | ५०० | |
| ६. | दूध डेरी | १०० | २०० | |
| | **टेलर्स** | | | |

| | | | | |
|---|---|---|---|---|
| क | सामान्य टेलर्स (३ देखि ५ वटा मेसिन राखेको) | १०० | २०० | |
| ख | व्यवस्थित टेलर्स (५ भन्दा बढी मेसिन राखेको) | ३०० | ५०० | |
| ७. | सुनचाँदी व्यवसायी | ५० | १०० | |
| ८. | भाँडा व्यवसायी | ५० | १०० | |
| ९. | होटल व्यवसायी | | | |
| क | उच्च सुविधा सम्पन्न होटल तथा लज | २००० | ५००० | |
| ख | मध्यम सुविधा सम्पन्न होटल तथा लज | १५०० | ३००० | |
| ग | सामान्य सुविधा सम्पन्न होटल तथा लज | ५०० | १००० | |
| घ | चिया नास्ता होटल | ३०० | ५०० | |
| ङ | चाट तथा पानीपुरी, चटपटे, भाँजा होटल | २०० | ३०० | |
| १०. | काँचो कपडा | १०० | २०० | |
| ११. | रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल | १०० | ३०० | |
| १२. | जुत्ता चप्पल | २०० | ४०० | |
| १३. | ऊन व्यवसायी | ५० | १०० | |
| १४. | टेन्ट हाउस | ३०० | ५०० | |
| १५. | प्लास्टिकजन्य पसल | ५० | १०० | |
| १६. | शैक्षिक संस्था (निजी तथा सामुदायिक विद्यालय, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्रहरू) | २०० | ३०० | |
| १७. | सञ्चार सेवातर्फ (केवल लाइन, नेटवर्क, इन्टरनेट सेवा प्रदायक, स्थानीय टेलिभिजन, एफएम आदि) | १०० | २५० | |
| १८. | छपाई तथा प्रकाशन | ३५० | ५०० | |
| १९. | वित्तीय सेवा प्रवाह | १०० | ५०० | |
| २०. | तरकारी तथा फलफूल व्यवसायी | | | |
| क | घुम्ती पसल | १०० | २०० | |
| ख | सानो तरकारी पसल | २०० | २५० | |
| ग | ठूलो तरकारी पसल | २५० | ४०० | |
| घ | तरकारी मण्डी | ३०० | ५०० | |
| २१. | माछामासु पसल तथा व्यवसाय | २५० | ७५० | |
| २२. | हेयर सैलुन तथा सौन्दर्यकला व्यवसाय | | | |

| | | | | |
|---|---|---|---|---|
| क | ब्युटिपार्लर | २०० | ३०० | |
| ख | हेयर सैलुन | ३०० | ४५० | |
| ग | कस्मेटिक तथा चुरा पोते पसल | १०० | २५० | |
| २३. | मदिरा पसल | ३०० | ५०० | |
| २४. | आर्ट व्यवसायी | २५० | ५०० | |
| २५. | मेटल वर्कसप | ३०० | ५०० | |
| २६. | स्टिल, काष्ठ तथा फर्निचर व्यवसायी | ३०० | ५०० | |
| २७. | फ्लोर तथा आयल मिल | ३०० | ५०० | |
| २८. | किराना, खुद्रा तथा फुटकर पसल | १०० | २०० | |
| २९. | होलसेल तथा डिपार्टमेन्टल पसल | २०० | ३०० | |
| ३०. | हार्डवेयर तथा सिमेन्ट | १५० | २५० | |
| ३१. | सिसा पसल | २५० | ३५० | |
| ३२. | विद्‍युत सामग्री पसल | १०० | २०० | |
| ३३. | एग्रोभेट पसल | १०० | २०० | |
| ३४. | कुखुरा, चल्ला तथा दाना वितरण व्यवसायी | २०० | ३०० | |
| ३५. | पान पसल | ५० | १०० | |
| ३६. | फोटो स्टुडियो | १०० | २०० | |
| ३७. | कलर ल्याव | १५० | २५० | |
| ३८. | फिल्म हल | १००० | १५०० | |
| ३९. | पुल हाउस | ५० | १०० | |
| ४०. | चस्मा, मोबाइल तथा सिडी पसल | ५० | १०० | |
| ४१. | ग्यास डिलर | १०० | २०० | |
| ४२. | कुरियर | ५० | १०० | |
| ४३. | ढुवानी सेवा | ३०० | ५०० | |
| ४४. | जिमखाना | ५० | १०० | |
| ४५. | गिफ्ट कर्नर, खेलौना, माला पसल | १०० | २०० | |
| ४६. | माटाका भाँडा तथा पोष्टर विक्रेता | २०० | ३०० | |
| ४७. | कवाडी संकलन केन्द्र | ५०० | १००० | |
| ४८. | आल्मुनियम पसल | १०० | ५०० | |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ४९. | अन्य व्यवसाय प्रकृति हेरी | १०० | १००० | |

**संरचना एवम् घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्काशित फोहरको व्यवस्थापनकर्ता वडा कार्यालय वा निजी क्षेत्र वा टोल विकास संस्थालाई घरधनी वा फोहर निष्काशनकर्ताले बुझाउनुपर्ने सेवा शुल्क**

| क्र.सं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| ५०. | एक पावर टिलर वा सोभन्दा कम | २५० |
| ५१. | दुई पावर टिलर | ४०० |
| ५२. | प्रति पावर टिलर थप | २०० |
| ५३. | प्रति ट्र्याक्टर | १००० |

**घर एवम् संरचना निर्माणका क्रममा सडक एवम् फुटपाथमा तोकिए बमोजिमको समयसम्म सामग्री राख्ने अनुमति शुल्क**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| ५४. | अनुमति दिँदा पिच सडकमा सवारी आवागमनमा असर नपर्नेगरी ४८ घण्टा सम्मका लागि | निःशुल्क |
| ५५. | अनुमति दिँदा पिच सडकमा सवारी आवागमनमा असर नपर्नेगरी तीन दिन सम्मका लागि दैनिक | १०० |
| ५६. | फुटपाथ क्षेत्रमा ७ दिन सम्मका लागि | २०० |
| ५७. | फुटपाथ क्षेत्रमा ७ देखि १५ दिन सम्मका लागि | ३०० |

**अनुसूची २**

**(दफा २१ (१) सँग सम्बन्धित)**

**........... नं. वडा समिति**

**फिल्ड प्रतिवेदन**

मिति : ...........

श्री वडा सचिवज्यू

नारायण नगरपालिका, ........ नं. वडा कार्यालय

दैलेख, नेपाल

**विषय : दैनिक सरसफाइ प्रतिवेदन**

उपरोक्त सम्बन्धमा मिति .......................... मा नगरपालिका भित्रको क्षेत्र सरसफाइ कार्यको प्रतिवेदन विवरण निम्नानुसार रहेको व्यहोरा अनुरोध छ :

**निम्न**

१) सरसफाइ गरिएका टोल/सडकहरूको विवरण

क) ........................................

ख) ........................................

ग) ........................................

घ) ........................................

ङ) ........................................

२) समय :

३) प्रयोग भएका ढुवानी साधन र संख्या :

४) संलग्न जनशक्तिको नाम र संख्या :

५) सरसफाइ गरिएको सडक, नाला तथा फोहर संकलनको अवस्था :

६) मरेको पशु संकलन संख्या :

७) पटके फोहर संकलन : ............ ट्रिप

८) नागरिकको गुनासो अवस्था :

९) तत्काल फोहर व्यवस्थापन गर्नुपर्ने देखिएको स्थल र फोहरको प्रकृति :

१०) निरीक्षणका क्रममा कुनै कारवाही गरिएको भए सोको विवरण :

**आज्ञाले**
**बम बहादुर के.सी.**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**हस्ताक्षर :**

प्रमुख प्रशासकीय अधिकृत